# देउराली जनता १५ वर्षमा

देउराली जनता फर्मास्युटिकल्सले आइतबार १५औं वार्षिकोत्सव मनाएको छ। देउरालीले छोटो अवधिमै अन्तर्राष्ट्रिय स्तरका औषधि स्वदेशमै उत्पादन गर्दै आएको छ। कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा तथा अतिथि एवं पूर्व स्वास्थ्य राज्यमन्त्री डा. वंशीधर मिश्रलगायतले फर्मास्युटिकल्सको कार्यको प्रशंसा गर्नुभयो। फर्मास्युटिकल्सका कार्यकारी निर्देशक हरिभक्त शर्माले फर्मास्युटिकल्सले आईएसओ १४००१, आईएसओ ९००१ तथा विश्व स्वास्थ्य संगठनको जीएमपी प्रमाणपत्र प्राप्त गरेको जानकारी दिनुभयो। कार्यक्रममा फर्मास्युटिकल्सका उपाध्यक्ष मणिरत्न शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। सो अवसरमा १५ वर्षदेखि सेवारत कर्मचारीलाई दीर्घसेवा पदक र १० वर्षदेखि सेवारतलाई सेवा पदक प्रदान गरिएको थियो। उत्कृष्ट काम गर्ने कर्मचारी तथा स्लोगानका रचनाकारलाई पनि पुरस्कार दिइएको थियो। ...

विमर्श ७ २०६२ माघ २१-२७